# अर्थ बुलेटिन

वर्ष ७ अंक ९ २०८२ चैत

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## प्रमुख आर्थिक झलकहरू

- चालु आर्थिक वर्षको चैतसम्म अधिकांश आर्थिक परिसूचकहरु सकरात्मक रहेका छन्। संघीय खर्च र राजस्व बढेको छ। सङ्घीय सरकारको बजेट घाटा र वित्त घाटा दुवै बढेको छ। बाह्य क्षेत्र सबल छ। वित्तीय क्षेत्रका परिसूचक मिश्रित रहेका छन्.
- चालु आर्थिक वर्षको पहिलो ८ महिनासम्म सङ्कुचनमा रहेका आयकर र गैरकर राजस्व दुवै बढेका छन्। पुँजीगत खर्चमा सुधार हुन सकेको छैन। वैदेशिक सहायता प्रतिबद्धतामा कमी आएको छ। सरकारको तिर्न बाँकी सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको ४४.५ प्रतिशत पुगेको छ। ऋण सेवा खर्च उच्च रहेको छ।
- वस्तु आयात र निर्यात दुवैमा वृद्धि भएको छ। विप्रेषण आयमा भएको उल्लेख्य वृद्धिको कारण चालु खाता र शोधनान्तर स्थिति दुवै उच्च बचतमा रहेका छन्। फलस्वरुप, विदेशी मुद्रा सञ्चिति १८.४ महिना बराबरको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त छ।
- निक्षेप र निजी क्षेत्रतर्फ प्रवाहित कर्जा बढेको छ। यद्यपि, निष्कृय कर्जा अनुपात भने बढ्दै गएको छ। विपन्न क्षेत्र कर्जा अनुपात केही घटेको छ।
- पर्यटक आगमन बढेपनि भ्रमण आयमा केही सङ्कुचन आएको छ। बीमाको दायरामा आएको जनसङ्ख्या ५० प्रतिशत नाघेको छ। बीमा प्रिमियम सङ्कलन बढेको छ।

**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०८२/८३ को चैतसम्म संघीय खर्च गत आर्थिक वर्षको सोही अवधिको रु.९ खर्ब ९८ अर्ब ५२ करोडको तुलनामा ६.२ प्रतिशतले बढेर रू.१० खर्ब ५९ अर्ब ९६ करोड पुगेको छ। यस अवधिमा चालु खर्च १०.२ प्रतिशतले बढेको छ भने पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फको खर्च क्रमशः ६.५ प्रतिशत र ०.६ प्रतिशतले घटेको छ। गत आर्थिक वर्षको सोही अवधिमा संघीय खर्च ९.८ प्रतिशतले बढेको थियो।

**तालिका (क): पछिल्लो ५ आर्थिक वर्षको चैत महिनासम्मको खर्चको स्थिति** (रू. करोडमा)

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| चालु | ६२५५८.८९ | ७०६७६.५९ | ६४४०२.५४ | ६७८०९.०३ | ७४७५२.४४ |
| पूँजीगत | १०३७९.११ | १०७२४.३४ | ९७३७.७४ | १०२९०.०८ | ९६१९.५१ |
| वित्तीय व्यवस्था | ६४९६.५६ | १२९०४.२३ | १६७९८.८६ | २१७५३.०१ | २१६२३.७७ |
| **कुल संघीय खर्च** | ७९४३४.५६ | ९४३०५.१६ | ९०९३९.१४ | ९९८५२.१२ | १०५९९५.७२ |

स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय,२०८२


२. चालु आर्थिक वर्षको चैतसम्म कुल वार्षिक विनियोजनको तुलनामा खर्च उपलब्धी ५४.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको चैतसम्म खर्च उपलब्धी ५३.७ प्रतिशत रहेको थियो। शीर्षकगत खर्चको रुपमा कुल विनियोजित बजेटमध्ये चालु खर्च ६३.५ प्रतिशत, पुँजीगत खर्च २३.५ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ५७.२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको चैतसम्म यस्तो खर्च क्रमशः ५९.४ प्रतिशत, २९.२ प्रतिशत र ५९.२ प्रतिशत रहेको थियो।

**तालिका (ख): आर्थिक वर्ष २०८२/८३ को चैतसम्मको खर्चको स्थिति** (रू. करोडमा)

| खर्च शीर्षक | २०८१/८२ | | २०८२/८३ | |
|---|---|---|---|---|
| | कुल खर्च | खर्च प्रतिशत | कुल खर्च | खर्च प्रतिशत |
| चालु | ६७८०९.०३ | ५९.४ | ७४७५२.४४ | ६३.५ |
| पुँजीगत | १०२९०.०८ | २९.२ | ९६१९.५१ | २३.५ |
| वित्तीय व्यवस्था | २१७५३.०१ | ५९.२ | २१६२३.७७ | ५७.२ |
| **कुल खर्च** | **९९८५२.१२** | **५३.७** | **१०५९९५.७२** | **५४.०** |

स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२

**चार्ट (क): पछिल्लो तीन आर्थिक वर्षको चैतसम्मको मासिक खर्चको प्रवृत्ति (रु. करोडमा)**





स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८३

http://www.mof.gov.np इमेल: epad@mof.gov.np फोन नं.: ०१-४२११३२६ फ्याक्स नं.: ०१-४२११३२५

३. हरेक आर्थिक वर्षको मासिक खर्चको प्रवृत्ति विश्लेषण गर्दा साउन महिनामा सबैभन्दा न्यून खर्च हुने तथा असोज र चैत महिनामा चालु खर्च अधिक हुने प्रवृत्ति रहेको छ। आर्थिक वर्षको सुरुका महिनाहरुमा पुँजीगत खर्च अत्यन्त न्यून रहने र पछिल्ला महिनामा उच्च हुने प्रवृत्ति रहेको छ। पछिल्ला आर्थिक वर्षहरुमा वित्तीय व्यवस्थातर्फको खर्चको हिस्सा पहिलेको तुलनामा उल्लेख्य बढेको देखिन्छ।

**चार्ट (ख): पछिल्लो दश आर्थिक वर्षको चैतसम्मको खर्च संरचना**

(कुल सङ्घीय खर्चको प्रतिशतमा)




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२

## राजस्व परिचालन

४. आर्थिक वर्ष २०८२/८३ को चैतसम्म सरकारको राजस्व सङ्कलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६.६ प्रतिशतले वृद्धि भई रू.८ खर्ब ८६ अर्ब २८ करोड पुगेको छ। कुल राजस्वमा कर राजस्व रू.७ खर्ब ९८ अर्ब ७७ करोड र गैरकर राजस्व रू.८७ अर्ब ५१ करोड रहेको छ। यस अवधिमा कर राजस्व ७.३ प्रतिशत र गैरकर राजस्व ०.३ प्रतिशतले बढेको छ।

५. यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रू.८ खर्ब ९१ अर्ब ५६ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो प्राप्ति रु.८ खर्ब ४१ अर्ब १३ करोड रहेको थियो।

६. चालु आर्थिक वर्षको चैतसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा भन्सार महशुलमा ९.१ प्रतिशतले वृद्धि भएको छ भने आयकरको सङ्कलनमा १.१ प्रतिशतले मात्र बढेको छ। चालु आर्थिक वर्षको पहिलो ८ महिनामा आयकरको वृद्धिदर ऋणात्मक रहेको थियो।

७. समीक्षा अवधिको शीर्षकगत लक्ष्यमा शिक्षा सेवा शुल्क र अन्य राजस्व लक्ष्य भन्दा बढी सङ्कलन भएको छ। अन्य शीर्षकको राजस्व सङ्कलनमा केही कमी आए तापनि समग्र राजस्व सङ्कलन लक्ष्यको ८३.६ प्रतिशत रहेको छ।

८. चालु आर्थिक वर्षको चैतसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आयकर शीर्षक अन्तर्गतको ब्याज आय सङ्कलन १४.३ प्रतिशतले घटेको छ भने बाँकी अन्य सबै शीर्षककमा राजस्व सङ्कलन बढेको छ।

**तालिका (ग): राजस्व लक्ष्य र असुलीको विवरण (रू. करोडमा)**

| कर शीर्षक | आर्थिक वर्ष २०८२/८३ को वार्षिक लक्ष्य | चैतसम्मको सङ्कलन | | प्रगति प्रतिशत (वार्षिक लक्ष्यको तुलनामा | प्रगति प्रतिशत (चैतसम्मको लक्ष्यको तुलनामा | वृद्धिदर (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | | | |
| भन्सार महसुल | ३०५५७.०५ | १६३६९.२१ | १७८५७.१० | ५८.४४ | ८०.२० | ९.०९ |
| मूल्य अभिवृद्धि कर | ३९४५९.५२ | २३९८७.३८ | २६१४१.६२ | ६६.२५ | ९२.९७ | ८.९८ |
| उत्पादन, विक्री, सेवा | १७२७९.८९ | १००८८.१९ | १०७८८.८४ | ६२.४४ | ९०.८८ | ६.९५ |
| पैठारी | २२१७९.६३ | १३८९९.१९ | १५३५२.७७ | ६९.२२ | ९४.५० | १०.४६ |
| अन्तःशुल्क | २१३१५.७७ | १२३९८.१२ | १३८२०.७६ | ६४.८४ | ९०.९८ | ११.४७ |
| आन्तरिक उत्पादन | १५२२७.१२ | ९१४९.६१ | १०१५६.१८ | ६६.७० | ९४.२७ | ११.०० |
| पैठारी | ६०८८.६५ | ३२४८.५२ | ३६६४.५७ | ६०.१९ | ८२.९५ | १२.८१ |
| शिक्षा सेवा शुल्क र अन्य | ५२३.१३ | २९८.०८ | ४६६.९६ | ८९.२६ | १२१.८४ | ५६.६६ |
| आयकर | ४०७०२.९२ | २१३६०.७३ | २१५९०.७४ | ५३.०४ | ७३.८८ | १.०८ |
| आयकर | ३५५४४.८८ | १८९९८.१५ | १९५६५.२९ | ५५.०४ | ७७.६८ | २.९९ |
| ब्याज कर | ५१५८.०५ | २३६२.५८ | २०२५.४५ | ३९.२७ | ५०.२१ | -१४.२७ |
| कर राजस्व | १३२५५८.३९ | ७४४१३.५२ | ७९८७७.१९ | ६०.२६ | ८३.९२ | ७.३४ |
| गैरकर राजस्व | १५४४१.६१ | ८७२३.५४ | ८७५१.१७ | ५६.६७ | ८०.८६ | ०.३२ |
| कुल राजस्व | १४८०००.०० | ८३१३७.०६ | ८८६२८.३५ | ५९.८८ | ८३.६१ | ६.६१ |
| अन्य प्राप्ति | - | ९७६.२७ | ५२७.९४ | - | - | -४५.९२ |
| जम्मा राजस्व/प्राप्ति | १४८०००.०० | ८४११३.३३ | ८९१५६.२९ | ६०.२४ | ८४.११ | ६.०० |

स्रोतः अर्थ मन्त्रालय, २०८२

४. चालु आर्थिक वर्षको चैतसम्म भन्सार विन्दुमा सङ्कलन हुने राजस्व गत आर्थिक वर्षको सोही अवधिको रू.३ खर्ब ३५ अर्ब १७ करोडको तुलनामा १०.० प्रतिशतले वृद्धि भई रू.३ खर्ब ६८ अर्ब ७४ करोड पुगेको छ। यस अवधिमा आन्तरिकतर्फको कर राजस्व परिचालन ५.१ प्रतिशतले वृद्धि भई रू.४ खर्ब ३० अर्ब ३ करोड पुगेको छ। गत आर्थिक वर्षको चैतसम्म यस्तो सङ्कलन रु.४ खर्ब ८ अर्ब ९७ करोड रहेको थियो।

**तालिका (घ):चैतसम्मको राजस्व सङ्कलनको प्रवृत्ति (रु. करोडमा)**


| विवरण | आर्थिक वर्ष (चैतसम्म) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७३/ ७४ | २०७४/ ७५ | २०७५/ ७६ | २०७६/ ७७ | २०७७/ ७८ | २०७८/ ७९ | २०७९/ ८० | २०८०/ ८१ | २०८१/ ८२ | २०८२/ ८३ |
| कर राजस्व | ३८५४७ | ४५५६९ | ५२९५२ | ५३९५४ | ६३६७० | ७२७७९ | ६१६१२ | ६७११२ | ७४४१४ | ७९८७७ |
| गैरकर राजस्व | ३३४८ | ५३२० | ५९४० | ५११० | ४७१७ | ६१४७ | ६७६९ | ७६९३ | ८७२४ | ८७५१ |
| कुल राजस्व | ४१८९५ | ५०८९० | ५८८९२ | ५९०६४ | ६८३८७ | ७८९२६ | ६८३८१ | ७४८०४ | ८३१३७ | ८८६२८ |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२

५. चालु आर्थिक वर्षको चैतसम्मको कुल राजस्व सङ्कलनमा कर र गैरकर राजस्वको योगदान क्रमशः ९०.१ प्रतिशत र ९.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको चैतसम्म यस्तो योगदान क्रमशः ८९.५ प्रतिशत र १०.५ प्रतिशत रहेको थियो।

६. पछिल्लो दशकको चैतसम्मको राजस्व सङ्कलनमध्ये कर राजस्व र गैरकर राजस्वको योगदान औसत क्रमशः ९०.३ प्रतिशत र ९.७ प्रतिशत रहेको छ।


चार्ट (ग): पछिल्लो १० वर्षको चैत महिनासम्मको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोडमा)





स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२

७. पछिल्लो १० वर्षको चैतसम्मको राजस्व सङ्कलनको स्थिति हेर्दा आर्थिक वर्ष २०७९/८० बाहेक अन्य आर्थिक वर्ष राजस्व परिचालन क्रमशः बढ्दै गएको छ। यद्यपि चालु आर्थिक वर्ष राजस्व परिचालनको वृद्धिदर तुलात्मकरुपमा न्यून रहेको छ। चालु आर्थिक वर्षको चैतसम्म गैरकर राजस्व सङ्कलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.३ प्रतिशतले मात्र वृद्धि भएकले सो को प्रभाव समग्र राजस्व परिचालनमा समेत पर्न गएको छ। पछिल्लो १० आर्थिक वर्षको चैतसम्मको वृद्धिदर औसत १२.६ प्रतिशत रहेको छ।

चार्ट (घ): चैतसम्मको राजस्व सङ्कलन संरचना (प्रतिशतमा)




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२

८. चालू आर्थिक वर्ष २०८२/८३ को चैतसम्म कुल राजस्वमा भन्सार महशुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर र अन्य कर राजस्वको हिस्सा गत वर्षको सोही अवधिको तुलनामा वृद्धि भएको छ भने आयकर र गैरकर राजस्वको हिस्सा घटेको छ।

## सङ्घीय कर राजस्व

९. चालु आर्थिक वर्षको चैतसम्म सङ्घीय सरकारको कर राजस्व परिचालन गत आर्थिक वर्षको सोही अवधिको रू.६ खर्ब ४४ अर्ब ७२ करोडको तुलनामा ७.० प्रतिशतले वृद्धि भई रू.६ खर्ब ८९ अर्ब ८८ करोड पुगेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको चैतसम्मको रू.९९ अर्ब ४१ करोडको तुलनामा ९.५ प्रतिशतले वृद्धि भई रू.१ खर्ब ८ अर्ब ८९ करोड पुगेको छ।

१०. चालु आर्थिक वर्षको चैतसम्म सङ्घीय कर राजस्व ७.० प्रतिशतले बढेपनि मूल्य अभिवृद्धि कर ९.१ प्रतिशत र अन्तःशुल्क (आन्तरिक उत्पादन) ११.० प्रतिशतले बढेकाले प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्वको वृद्धिदर तुलनात्मकरुपमा उच्च रहेको छ।

## करको दायरा विस्तार

११. २०८२ चैत मसान्तसम्म स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या २०८२ असार मसान्तको तुलनामा ९.६ प्रतिशतले वृद्धि भई ७६ लाख ७० हजार ८ सय ६६ पुगेको छ, जुन कुल जनसङ्ख्याको अनुपातमा एक चौथाई भन्दा माथि हो। चालु आर्थिक वर्षको चैतसम्म ६ लाख ७१ हजार ६ सय १६ स्थायी लेखा नम्बर लिने करदाता थप भएका छन्। २०८२ चैतसम्म मुल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख ७१ हजार ६ सय ४१ र अन्तःशुल्कमा दर्ता भएका करदाता १ लाख ३१ हजार ४ सय ६३ पुगेको छ।

**तालिका (ङ): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०८२ असारसम्म | चालु आर्थिक वर्षको चैतसम्म थप | २०८२ चैतसम्म |
|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (B-PAN) | २०६०६५८ | ८२८८९ | २१४३५४७ |
| करकट्टी गर्ने निकायले लिएको स्था.ले.नं (WPAN) | ३५८७० | १३१४ | ३७१८४ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (P-PAN) | ४९०२७२२ | ५८७४१३ | ५४९०१३५ |
| जम्मा स्थायी लेखा नम्बर | ६९९९२५० | ६७१६१६ | ७६७०८६६ |
| मूल्य अभिवृद्धि कर (VAT) | ३५१७३५ | १९९०६ | ३७१६४१ |
| अन्तःशुल्क (Excise) | १२४९९७ | ६४६६ | १३१४६३ |

स्रोतः आन्तरिक राजस्व विभाग ।

नोटः दर्ता खारेजीबाट कायम भएको स्थायी लेखा नम्बर मात्र समावेश गरिएको।

## वैदेशिक सहायता प्रतिबद्धता

१२. चालु आर्थिक वर्षको चैतसम्म अनुदान रु.३१ अर्ब १९ करोड र ऋण रु.४६ अर्ब १४ करोड गरी कुल वैदेशिक सहायता प्रतिबद्धता ६५.२ प्रतिशतले सङ्कुचन भई रु.७७ अर्ब ३३ करोड रहेको छ। यस अवधिको कुल वैदेशिक सहायता प्रतिबद्धतामध्ये ऋण र अनुदानको अंश क्रमशः ५९.७ प्रतिशत र ४०.३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको चैतसम्म रु.२ खर्ब २२ अर्ब बराबरको वैदेशिक सहायता प्रतिबद्धता प्राप्त भएको थियो।

## सङ्घीय सरकारको वित्त स्थिति

१३. चालु आर्थिक वर्षको चैतसम्म सङ्घीय आय ५.६ प्रतिशतले वृद्धि भई रु.७ खर्ब ९८ अर्ब २८ करोड पुगेको छ। गत आर्थिक वर्षको चैतसम्म यस्तो आय रु.७ खर्ब ५६ अर्ब १० करोड रहेको थियो।

**तालिका (च): सङ्घीय सरकारको वित्त स्थितिको तुलनात्मक विवरण**

| विवरण | चैतसम्म | | वृद्धिदर |
|---|---|---|---|
| | २०८१/८२ | २०८२/८३ | २०८२/८३ |
| कुल सरकारी खर्च | **९९८५२.१२** | **१०५९९५.७२** | ६.२ |
| चालु खर्च | ६७८०९.०३ | ७४७५२.४४ | १०.२ |
| पुँजीगत खर्च | १०२९०.०८ | ९६१९.५१ | -६.५ |
| वित्तीय व्यवस्था | २१७५३.०१ | २१६२३.७७ | -०.६ |
| सङ्घीय राजस्व | ७३१९५.९६ | ७७७३९.०१ | ६.२ |
| कर | ६४४७२.४२ | ६८९८७.८५ | ७.० |
| गैर कर | ८७२३.५४ | ८७५१.१७ | ०.३ |
| वैदेशिक अनुदान | १४३७.७२ | १५६१.४१ | ८.६ |
| नगद मौज्दात र बेरूजु | ९७६.२७ | ५२७.९४ | -४५.९ |
| **सङ्घीय आय** | **७५६०९.९६** | **७९८२८.३६** | **५.६** |
| आन्तरिक ऋण परिचालन | २९११४.०६ | २८३६६.६९ | -२.६ |
| वैदेशिक ऋण परिचालन | ७४९५.७८ | ६५६१.८३ | -१२.५ |
| वैदेशिक सहायता प्रतिबद्धता | २२२००.०० | ७७३२.८२ | -६५.२ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

१४. चालु आर्थिक वर्षको चैतसम्म आन्तरिक ऋण रु.२ खर्ब ८३ अर्ब ६७ करोड र बाह्य ऋण रु.६५ अर्ब ६२ करोड गरी जम्मा रु.३ खर्ब ४९ अर्ब २९ करोड बराबरको सार्वजनिक ऋण परिचालन भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो परिचालन रु.३ खर्ब ६६ अर्ब १० करोड रहेको थियो।

## वित्त परिसूचक

१५. चालु आर्थिक वर्षको चैतसम्म सङ्घीय सरकारको बजेट घाटा ७.९ प्रतिशतले बढेर रू.२ खर्ब ६१ अर्ब ६७ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा रू.२ खर्ब ४२ अर्ब ४२ करोड रहेको थियो।

तालिका २(छ): सङ्घीय सरकारका वित्त परिसूचकहरु (रु. करोडमा)

| वित्त सन्तुलन | चैतसम्म | |
|---|---|---|
| | २०८१/८२ | २०८२/८३ |
| बजेट सन्तुलन | -२४२४२.१६ | -२६१६७.३६ |
| राजस्व सन्तुलन | ५३८६.९३ | २९८६.५७ |
| समग्र वित्त सन्तुलन (अनुदान सहित) | -२४८९.१५ | -४५४३.५९ |

स्रोतः महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कबाट गणना गरिएको।

नोटः बाँडफाँट अघिको रोयल्टीसहित गणना गरिएकोले पछि यो परिमाणमा केही फरक पर्न सक्नेछ।


१६. चालु आर्थिक वर्षको चैतसम्म सङ्घीय सरकारको राजस्व सन्तुलन बचतमा रहेपनि तुलनत्मकरुपमा यस्तो बचत घटेको छ। गत आर्थिक वर्षको चैतसम्म राजस्व सन्तुलन रू.५३ अर्ब ८७ करोडले बचतमा रहेकोमा यस अवधिमा रू.२९ अर्ब ८७ करोडले बचतमा रहेको छ।

१७. चालु आर्थिक वर्षको चैतसम्म सङ्घीय सरकारको समग्र वित्त घाटा बढेको छ। गत आर्थिक वर्षको चैतसम्म सङ्घीय सरकारको समग्र वित्त घाटा रू.२४ अर्ब ८९ करोड रहेकोमा यस अवधिमा रू.४५ अर्ब ४४ करोड पुगेको छ।

## सार्वजनिक ऋण

१८. २०८२ चैतसम्म आन्तरिक ऋण रू.१३ खर्ब ८८ अर्ब १२ करोड र बाह्य ऋण रू.१५ खर्ब ४६ अर्ब ८१ करोड गरी सरकारको सार्वजनिक ऋण रू.२९ खर्ब ३४ अर्ब ९२ करोड पुगेको छ। कुल गार्हस्थ्य उत्पादनको अनुपातमा २०८१ चैतमा सरकारको सार्वजनिक ऋण ४३.० प्रतिशत रहेकोमा २०८२ चैतमा ४४.५ प्रतिशत पुगेको छ।

चार्ट (ङ): सार्वजनिक ऋणको स्थिति (रु. अर्बमा)




स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८२

१९. २०८२ चैतसम्म विभिन्न दश मुद्रामा वैदेशिक ऋण प्राप्त भएको छ। यस अवधिसम्मको तिर्न बाँकी कुल सार्वजनिक ऋणमध्ये Special Drawing Right (SDR) अङ्कित ऋण सबैभन्दा बढी ७१.४ प्रतिशत रहेको छ। त्यसैगरी, USD अङ्कित ऋण २१.१ प्रतिशत, जापानीज येन अङ्कित ऋण ३.९ प्रतिशत र चाईनिज यूआन अङ्कित ऋण २.४ प्रतिशत रहेको छ। यूरो, पाउण्ड स्टर्लिङ्ग, कुवेती दिनार, कोरियन वन, साउदी रियाल र डेनिस क्रोन अङ्कित ऋण १.२ प्रतिशत रहेको छ।

२०. अमेरिकी डलर र SDR सँग नेपाली रुपैयाँ तीव्रदरले अवमूल्यन भएकाले चालु आर्थिक वर्षको चैतसम्म ९ महिनाको अवधिमा मात्र विनिमय दर नोक्सानी रु.१ खर्ब १५ अर्ब ७६ करोड रहेको छ। यस अवधिमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ८.१ प्रतिशतले अवमूल्यन भएको छ।

२१. २०८२ चैतसम्म तिर्न बाँकी कुल वैदेशिक ऋणमध्ये जाईका, बेल्जियम, चीन, कुवेत कोष, नर्वेजियन कोष, साउदी कोष लगायतका सरकार/निकायबाट प्राप्त द्विपक्षीय ऋण रु.१ खर्ब ४२ अर्ब ९० करोड (९.२५ प्रतिशत) र एडिबि, आइडिए, आईएमएफ लगायतका बहुपक्षीय निकायबाट प्राप्त ऋण रु.१४ खर्ब २ अर्ब ७८ करोड (९०.७५ प्रतिशत) रहेको छ।

२२. पछिल्लो एक वर्षको अवधिमा कुल सार्वजनिक ऋणमध्ये वैदेशिक ऋणको अंश बढेको छ। २०८२ चैतसम्म तिर्न बाँकी कुल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण र बाह्य ऋणको अनुपात क्रमशः ४७.३ प्रतिशत र ५२.७ प्रतिशत रहेको छ। २०८१ चैतसम्म यस्तो अनुपात क्रमशः ४८.८ प्रतिशत र ५१.२ प्रतिशत रहेको थियो।

२३. चालु आर्थिक वर्षको चैतसम्म सार्वजनिक ऋणको सावाँतर्फ रु.२ खर्ब ४ अर्ब १७ करोड र ब्याजतर्फ रु.५४ अर्ब २८ करोड भुक्तानी भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो भुक्तानी क्रमशः रु.२ खर्ब ३ अर्ब ३ करोड र रु.४९ अर्ब ४६ करोड रहेको थियो।

२४. पछिल्ला वर्षमा सरकारको ऋण सेवा खर्च (सावाँ र ब्याज भुक्तानी) उच्च रहेको छ। चालु आर्थिक वर्षको चैतसम्म सरकारको ऋण सेवा खर्च २.४ प्रतिशतले बढेर रु.२ खर्ब ५८ अर्ब ४४ करोड पुगेको छ, जुन यस अवधिको सङ्घीय सरकारी खर्चको अनुपातमा २४.४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा सङ्घीय सरकारी खर्चको अनुपातमा ऋण सेवा खर्च २५.३ प्रतिशत रहेको थियो।

२५. चालु आर्थिक वर्षको चैतसम्म वैदेशिक अनुदान रु.१५ अर्ब ६१ करोड र वैदेशिक ऋण रु.६५ अर्ब ६२ करोड गरी कुल वैदेशिक सहायता प्राप्ति रु.८१ अर्ब २३ करोड रहेको छ, जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ९.४ प्रतिशतले न्यून हो। गत आर्थिक वर्षको चैतसम्म वैदेशिक सहायता प्राप्ति रु.८९ अर्ब ३४ करोड रहेको थियो।

२६. पछिल्ला वर्षमा तिर्न बाँकी कुल आन्तरिक ऋणमा मध्यमकालीन ऋणपत्र (टी-वण्ड) को अंश बढ्दै गएको छ भने अल्पकालीन ऋणपत्र (ट्रेजरी बिल) को अंश घट्दै गएको छ। २०८२ चैतसम्मको आन्तरिक ऋण दायित्वमा विकास ऋणपत्रको अंश करिब तीन चौथाई (७४.८ प्रतिशत) रहेको छ भने ट्रेजरी बिलको अंश २३.७ प्रतिशतमा झरेको छ। त्यसैगरी, अन्य ऋणपत्र (वैदेशिक रोजगार बचतपत्र, नागरिक बचतपत्र र IMF Bond) को अंश १.५ प्रतिशत मात्र रहेको छ।

## वित्तीय क्षेत्र

२७. २०८२ चैतसम्म २० वाणिज्य बैङ्क, १७ विकास बैङ्क, १७ वित्त कम्पनी, ५१ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैङ्क गरी कुल १०६ बैङ्क तथा वित्तीय संस्था सञ्चालनमा रहेका छन्। यसैगरी वित्तीय प्रणालीमा ३७ बीमा कम्पनी, ३० हजार भन्दा बढी सहकारी संस्था, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, निक्षेप तथा कर्जा सुरक्षण निगम तथा म्युचुअल फण्ड (Mutual Fund) समेत सञ्चालनमा रहेका छन्।

२८. चालु आर्थिक वर्षको चैतसम्म वित्तीय स्थायित्वका अधिकांश सुचक सूधारोन्मूख रहेका छन्। बैङ्क तथा वित्तीय संस्थाको निष्क्रिय कर्जाको औसत अनुपात २०८१ चैतमा ५.२४ प्रतिशत रहेकोमा २०८२ चैतमा बढेर ५.६० प्रतिशत पुगेको छ।

२९. वित्तीय पहुँचमा वृद्धि हुँदै गएसँगै बैकिङ्ग कारोबार गर्ने जनसङ्ख्या उल्लेख्य रूपमा बढेको छ। २०८२ चैतमा बैङ्क तथा वित्तीय संस्थाहरूमा निक्षेप खाता ६ करोड २४ लाख, कर्जा खाता २० लाख ४५ हजार, मोबाइल बैकिङ्ग सेवा प्रयोगकर्ता २ करोड ९७ लाख ७६ हजार र इन्टरनेट बैकिङ्ग सेवाका प्रयोगकर्ता २४ लाख ४ हजार रहेको छ। गत आर्थिक वर्षको चैतसम्मको तुलनामा चालु आर्थिक वर्षको चैतसम्म ३६ लाख २७ हजार निक्षेप खाता र १ लाख ४ हजार कर्जा खाता थप भएका छन्।

३०. चालु आर्थिक वर्षको चैतसम्म बैङ्क तथा वित्तीय संस्थाको निक्षेप ८.५ प्रतिशतले वृद्धि भई रु.७८ खर्ब ७९ अर्ब ५४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ५.७ प्रतिशत रहेको थियो।

३१. चालु आर्थिक वर्षको चैतसम्म बैङ्क तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ५.७ प्रतिशतले वृद्धि भई रु.५८ खर्ब ९ अर्ब ६६ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जाको वृद्धिदर ७.१ प्रतिशत रहेको थियो।

### तालिका (ज): वित्तीय परिसूचकहरू

| वित्तीय सूचकहरु | २०८० चैत | २०८१ चैत | २०८२ चैत |
|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादनको अनुपातमा** | | | |
| कुल निक्षेप | १०६.२३ | ११०.०२ | ११९.३९ |
| निजी क्षेत्रतर्फ प्रवाहित कर्जा | ८७.१९ | ८७.७९ | ८८.०२ |
| **कुल कर्जा लगानीको अनुपातमा** | | | |
| निष्कृय कर्जा | ३.९८ | ५.२४ | ५.६० |
| विपन्न क्षेत्र कर्जा | ६.३८ | ५.७४ | ५.२६ |
| **वित्तीय पहुँचका परिसूचकहरू** | | | |
| बैङ्क तथा वित्तीय संस्था (संख्यामा) | ११० | १०७ | १०६ |
| बैङ्क तथा वित्तीय संस्थाका शाखा सञ्जाल (संख्यामा) | ११५९० | ११५१६ | ११४०१ |
| कुल निक्षेप खाता (संख्या लाखमा) | ५४७.४६ | ५८७.७४ | ६२४.०१ |
| कुल कर्जा खाता (संख्या लाखमा) | १८.८७ | १९.४१ | २०.४५ |
| एटिएम (संख्यामा) | ५०९६ | ५२६२ | ५१७४ |
| **भारित औसत ब्याजदर** | | | |
| निक्षेप | ६.५३ | ४.४५ | ३.४० |
| कर्जा | १०.५५ | ८.२२ | ६.७७ |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

३२. २०८२ चैतसम्म कुल निक्षेपमा बचत निक्षेप ४५.३ प्रतिशत, मुद्दती निक्षेप ३८.९ प्रतिशत, चल्ती निक्षेप ७.० प्रतिशत र अन्य निक्षेपको अंश ८.८ प्रतिशत रहेको छ।

### तालिका (झ) :चालु आर्थिक वर्षको चैतसम्मका वित्तीय क्षेत्रका चरहरुको मासिक स्थिति

| विवरण | २०८२ | थपघट भएको | | | | | | | | | | २०८२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | असारमसान्त | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत | चैतमसान्त |
| विस्तृत मुद्राप्रदाय (रु.करोडमा) | ७८४५६१ | -५८०० | ८४६९ | २२१६२ | -१३४० | ५३८७ | १३८४९ | ३८१७ | ६३५४ | १०४०७ | ८४७८६४ |
| निक्षेप सङ्कलन (रु.करोडमा) | ७२६३८७ | -५५७९ | ८८६५ | १८५८५ | ३६६ | ५९५२ | १३५५८ | १६२४ | ४८३० | १३३६६ | ७८७९५४ |
| निजी क्षेत्रतर्फ प्रवाहित कर्जा (रु.करोडमा) | ५६२४६९ | १२५७ | ७५१७ | -१३३ | -२७२ | ६४९४ | ६४९२ | ४१०९ | २८९७ | ३६२६ | ५९४४५६ |
| धितोपत्र बजार पुँजीकरण (रु.करोडमा) | ४६५६९९ | -७२ | -१८८९८ | -३०९४० | १०७७९ | १०२४८ | ६६८६ | ४९७६ | २५९९४ | ८८११ | ४८३२८५ |
| **ब्याजदर (प्रतिशतमा)** | | | | | | | | | | | |
| भारित औसत निक्षेप दर (वाणिज्य बैंक) | ४.१९ | ४.०२ | ३.९६ | ३.८५ | ३.७४ | ३.६६ | ३.५६ | ३.५१ | ३.४५ | ३.४० | |
| भारित औसत कर्जा दर (वाणिज्य बैंक) | ७.८५ | ७.७६ | ७.६६ | ७.५० | ७.३८ | ७.२६ | ७.१२ | ७.०० | ६.९० | ६.७७ | |
| आधार दर (वाणिज्य बैंक) | ६.०२ | ५.७८ | ५.७२ | ५.५६ | ५.४४ | ५.३८ | ५.२९ | ५.१२ | ५.१० | ५.०६ | |
| अन्तरबैंक ब्याजदर (बाणिज्य बैंक) | २.९२ | २.७५ | २.७५ | २.७५ | २.७५ | २.७४ | २.७५ | २.७५ | २.६९ | २.७५ | |
| **पुँजी बजार** | | | | | | | | | | | |
| नेप्से सूचकाङ्क | २७९४.८ | २७८८.४ | २६७२.३ | २४८७.२ | २५४०.६ | २६०१.६ | २६४१.४ | २६७१.१ | २८२०.५ | २८३३.६ | |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

## बीमा क्षेत्र

३३. जीवन र निर्जीवन बीमाको स्थापना र शाखा विस्तारसँगै चालु आर्थिक वर्षको चैतसम्म बीमा कम्पनीको शाखा सङ्ख्या २ हजार ९ सय ९८ रहेको छ। यसमध्ये जीवन बीमाको शाखा सङ्ख्या १ हजार ८ सय ४१ र निर्जीवन बीमाको शाखा सङ्ख्या १ हजार १ सय ५७ रहेका छन्। २०८१ चैतसम्म यस्तो सङ्ख्या क्रमशः १ हजार ८ सय ४४ र १ हजार १ सय ५५ गरी २ हजार ९ सय ९९ रहेको थियो।


३४. २०८२ चैतसम्म जीवन बीमा शुल्क रु.१ खर्ब ४३ अर्ब ८१ करोड र निर्जीवन बीमा शुल्क रु.३७ अर्ब २७ करोड गरी कुल बीमा शुल्क २०८१ चैतसम्मको तुलनामा १३.३ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ८१ अर्ब ८ करोड पुगेको छ। २०८२ चैतसम्म सक्रिय बीमालेखमध्ये जीवन बीमातर्फको सङ्ख्या १ करोड ६३ लाख ९७ हजार २ सय ५ र निर्जीवन बीमातर्फको सङ्ख्या २५ लाख ४४ हजार ४ सय ९० रहेको छ।

३५. वैदेशिक रोजगार म्यादी जीवन बीमाको दायरा बढेसँगै २०८२ चैतसम्म वैदेशिक रोजगार म्यादी जीवन बीमासहित ५०.३१ प्रतिशत जनसङ्ख्यामा जीवन बीमाको पहुँच पुगेको छ। २०८१ चैतसम्म यस्तो पहुँच ४४.६४ प्रतिशत जनसङ्ख्यामा पुगेको थियो।

## पुँजी बजार

३६. २०८२ चैत मसान्तमा नेप्से सूचकाङ्क २८३३.६० विन्दु कायम भएको छ। २०८१ चैत मसान्तमा यस्तो सूचकाङ्क २६६२.०८ विन्दु कायम रहेको थियो।


चार्ट (च): पछिल्लो ३ दशकको चैत मसान्तको नेप्से सूचकांक




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८२

३७. २०८२ चैत १ गते २८२४.९० विन्दुमा रहेको नेप्से सूचकाङ्क चैत १० गते सबैभन्दा उच्च २९६०.४० विन्दुमा पुगी महिनाको अन्तिम कारोबार भएको अन्तिम दिन चैत ३० गते २८३३.६० विन्दु कायम भएको छ। २०८२ चैत २२ गते नेप्से सूचकाङ्क महिनाकै सबैभन्दा न्यून २६७६.६८ विन्दुमा झरेको थियो। २०८२ चैत पुँजी बजारमा जम्मा २१ दिन मात्र धितोपत्र कारोबार भएको थियो।

चार्ट (छ): २०८२ चैत महिनाको नेप्से सूचकाङ्कको प्रवृत्ति





स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८२

## समग्र मूल्य स्थिति

३८. चालु आर्थिक वर्षको चैतसम्म औसत उपभोक्ता मुद्रास्फीति २.३९ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ४.५७ प्रतिशत रहेको थियो। यस अवधिमा खाद्य तथा पेय पदार्थअन्तर्गत दाल तथा गेडागुडी, खाद्य तथा खाद्यजन्य पदार्थ, मरमसला लगायतका वस्तुको मूल्यमा आएको कमीका कारण उपभोक्ता मुद्रास्फीति तुलनात्मक रुपमा न्यून रहेको छ। वार्षिक विन्दुगत आधारमा, २०८२ चैतमा उपभोक्ता मुद्रास्फीति ४.४७ प्रतिशत रहेको छ। २०८१ चैतमा यस्तो मुद्रास्फीति ३.३९ प्रतिशत रहेको थियो।

चार्ट(ज): पछिल्लो ७ वर्षको चैत महिनाको उपभोक्ता मुद्रास्फीति (प्रतिशतमा)




स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२

३९. वार्षिक विन्दुगत आधारमा २०८२ चैतमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ४.०१ प्रतिशत रहेको छ। यस्तो मुद्रास्फीति २०८१ चैतमा २.४५ प्रतिशत रहेको थियो। वार्षिक विन्दुगत आधारमा २०८२ चैतमा गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ४.७२ प्रतिशत रहेको छ। २०८१ चैतमा यस्तो मुद्रास्फीति ३.९० प्रतिशत रहेको थियो।

४०. वार्षिक विन्दुगत आधारमा थोक मुद्रास्फीति २०८२ चैतमा ३.९२ प्रतिशत रहेको छ। २०८१ चैतमा यस्तो मुद्रास्फीति ४.२० प्रतिशत रहेको थियो।

तालिका (ञ) : चालु आर्थिक वर्षको मासिक समग्र मूल्य स्थिति (प्रतिशतमा)

| महिना | मुद्रास्फीति | | | थोक मुद्रास्फीति | राष्ट्रिय तलब तथा ज्यालदर सूचकाङ्क |
|---|---|---|---|---|---|
| | उपभोक्ता मुद्रास्फीति | खाद्य तथा पेय पदार्थ | गैरखाद्य तथा सेवा क्षेत्र | | |
| साउन | १.६८ | -२.२८ | ३.९५ | २.३७ | ४.३५ |
| भदौ | १.८७ | -१.३४ | ३.७० | २.१० | |
| असोज | १.४७ | -२.५४ | ३.८० | १.३२ | |
| कार्तिक | १.११ | -३.३२ | ३.६९ | २.६५ | ५.८५ |
| मंसिर | १.६३ | -२.०५ | ३.७५ | २.७८ | |
| पुस | २.४२ | -०.०९ | ३.८१ | ५.१७ | |
| माघ | ३.२५ | २.५० | ३.६६ | ६.२१ | ६.३० |
| फागुन | ३.६२ | ३.६० | ३.६३ | ३.६४ | |
| चैत | ४.४७ | ४.०१ | ४.७२ | ३.९२ | |
| **औसत** | **२.३९** | **-०.१७** | **३.८६** | **३.३५** | **५.५०** |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

४१. वार्षिक विन्दुगत आधारमा आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रयमासमा तलब तथा ज्याला सूचकाङ्क ६.३० प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही त्रयमासमा उक्त सूचकाङ्क २.६० प्रतिशतले बढेको थियो।

४२. अन्तर्राष्ट्रिय बजारमा २०८१ चैत मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ६६.८३ रहेको कच्चा पेट्रोलियमको मूल्य ८४.५ प्रतिशतले वृद्धि भई २०८२ चैत मसान्तमा प्रति ब्यारल अमेरिकी डलर १२३.२८ कायम भएको छ। यसैगरी, अन्तर्राष्ट्रिय बजारमा २०८१ चैत मसान्तमा प्रति आउन्स सुनको मूल्य अमेरिकी डलर ३२३०.५० रहेकोमा २०८२ चैत मसान्तमा ४६.२ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ४७२२.६५ पुगेको छ।

### तालिका (ट): पछिल्लो ७ आर्थिक वर्षको चैतसम्मको समग्र मूल्य स्थिति

| विवरण | चैतसम्म / चैत महिनाको | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| उपभोक्ता मुद्रास्फीति (चैत महिनाको) | ६.७४ | ३.१० | ७.२८ | ७.७६ | ४.६१ | ३.३९ | ४.४७ |
| खाद्य तथा पेय पदार्थ | १०.०० | ३.३१ | ७.४८ | ६.३२ | ५.२२ | २.४५ | ४.०१ |
| गैरखाद्य तथा सेवा क्षेत्र | ४.६२ | २.९५ | ७.१४ | ८.७३ | ४.२० | ३.९० | ४.७२ |
| उपभोक्ता मुद्रास्फीति (९ महिनाको औसत) | ६.५३ | ३.४६ | ५.७३ | ७.९१ | ५.९२ | ४.५७ | २.३९ |
| खाद्य तथा पेय पदार्थ | ९.०४ | ५.०० | ४.८९ | ६.१४ | ६.८५ | ६.२१ | -०.१७ |
| गैरखाद्य तथा सेवा क्षेत्र | ४.९२ | २.४६ | ६.२६ | ९.१० | ५.३० | ३.६७ | ३.८६ |
| थोक मुद्रास्फीति (चैत महिनाको) | ७.७७ | ६.१४ | १४.४२ | ५.५९ | ४.९४ | ४.२० | ३.९२ |
| थोक मुद्रास्फीति (१० महिनाको औसत) | ७.५४ | ७.३३ | ७.९० | १०.१८ | ३.४९ | ४.४१ | ३.३५ |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

## वस्तु निकासी

४३. चालु आर्थिक वर्षको चैतसम्म कुल वस्तु निर्यात १८.५ प्रतिशतले वृद्धि भई रु.२ खर्ब २२ अर्ब ९४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निर्यात ६५.२ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ८८ अर्ब २० करोड पुगेको थियो। चालु आर्थिक वर्षको चैतसम्म भारत र अन्य मुलुकतर्फको निर्यात क्रमशः २२.६ प्रतिशत र ५.१ प्रतिशतले वृद्धि भएको छ भने चीनतर्फको निर्यातमा ४६.८ प्रतिशतले कमी आएको छ।

४४. चालु आर्थिक वर्षको चैतसम्म भटमासको तेल, अलैंची, पाम तेल, जुटका सामान, चाउचाउ लगायतका वस्तुको निर्यात बढेको छ भने पार्टिकल बोर्ड, ऊनी गलैंचा लगायतका वस्तुको निर्यात घटेको छ।

### तालिका (ठ): चैतसम्म निकासी भएका प्रमुख १० वस्तुहरू (रू. करोडमा)

| विवरण | चैतसम्म | | | कुल निर्यातमा अंश (%) | वृद्धिदर (प्रतिशतमा) | |
|---|---|---|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | २०८१/८२ | २०८२/८३ |
| भट्मासको तेल (प्रशोधित) | ८२.८९ | ६२७८.१९ | ९०७१.९२ | ४०.७ | ७४७४.३ | ४४.५ |
| अलैंची | ६२८.३१ | ६२५.१३ | १०७०.०७ | ४.८ | -०.५ | ७१.२ |
| पोलिष्टर यार्न र धागो | ८२५.०८ | ९९१.०७ | १०२१.२८ | ४.६ | २०.१ | ३.० |
| उनी गलैचा कार्पेट | ७८१.६५ | ८०९.४१ | ७४४.०८ | ३.३ | ३.६ | -८.१ |
| जुटका बुनिएका कपडा | ५२०.०१ | ५९०.४८ | ७०४.७७ | ३.२ | १३.६ | १९.४ |
| पाम तेल (प्रशोधित) | ५७१.४४ | १८३.७७ | ५९५.१८ | २.७ | -६७.८ | २२३.९ |
| जुस | ६३०.३४ | ५७७.३६ | ५८४.९९ | २.६ | -८.४ | १.३ |
| तयारी कपडा | ४७४.९४ | ४२५.८६ | ४५९.३२ | २.१ | -१०.३ | ७.९ |
| पार्टिकल बोर्ड | ५४४.७२ | ५९३.१८ | ३९०.२४ | १.८ | ८.९ | -३४.२ |
| चिया | २५३.१३ | ३५६.११ | २८७.२१ | १.३ | ४०.७ | -१९.३ |
| अन्य | ६०८२.०९ | ७३८८.९४ | ७३६४.५६ | ३३.० | २१.५ | -०.३ |
| **कुल निर्यात** | **११३९४.६०** | **१८८१९.५१** | **२२२९३.६२** | **१००.०** | **६५.२** | **१८.५** |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

४५. चालु आर्थिक वर्षको चैतसम्मको कुल निकासीमध्ये भारत, चीन, र अन्य देशहरूतर्फ भएको निकासीको अंश क्रमशः ८२.५ प्रतिशत, ०.५ प्रतिशत र १७.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निकासी क्रमशः ७९.७ प्रतिशत, १.२ प्रतिशत र १९.१ प्रतिशत रहेको थियो।

४६. चालु आर्थिक वर्षको चैतसम्म निकासी भएका प्रमुख वस्तुमा भटमासको तेल (प्रशोधित) को अंश करिव ४०.७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिको निकासीमध्ये उक्त तेलको अंश ३३.४ प्रतिशत रहेको थियो। यस अवधिमा निकासी भएका प्रमुख १० वस्तुको हिस्सा कुल निकासीको करिव ६७.० प्रतिशत रहेको छ।

## वस्तु पैठारी

४७. चालु आर्थिक वर्षको चैतसम्म कुल वस्तु आयात १३.८ प्रतिशतले वृद्धि भई रु.१४ खर्ब ९० अर्ब ५० करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आयात १२.२ प्रतिशतले बढेको थियो। चालु आर्थिक वर्षको चैतसम्म भारत, चीन र अन्य मुलुकबाट भएको आयात क्रमशः ७.८ प्रतिशत, २१.३ प्रतिशत र २४.२ प्रतिशतले बढेको छ।

४८. चालु आर्थिक वर्षको चैतसम्म भटमासको कच्चा तेल, रासायनिक मल, चाँदी, यातायातका उपकरण, सवारी साधन तथा स्पेयर पार्टस्, दूरसञ्चारका उपकरण तथा पाट्र्सलगायतका वस्तुको आयात बढेको छ भने औषधी, चामल लगायतका वस्तुको आयात घटेको छ। यस अवधिमा आयात भएको पेट्रोलियम पदार्थको अंश कुल आयातको १४.९ प्रतिशत रहेको छ।

**तालिका (ङ) : चैतसम्म पैठारी भएका प्रमुख १० वस्तुहरू** (रू. करोडमा)

| विवरण | चैतसम्म | | | कुल आयातमा अंश (%) | वृद्धिदर (प्रतिशतमा) | |
|---|---|---|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | २०८१/८२ | २०८२/८३ |
| पेट्रोलियम पदार्थ | २१८७८.२५ | २१०१५.५४ | २२१५३.३४ | १४.९ | -३.९ | ५.४ |
| भट्मासको तेल (कच्चा) | १०८५.७३ | ६५१०.०४ | ९११४.११ | ६.१ | ४९९.६ | ४०.० |
| यातायातका उपकरण, साधन र पार्टस् | ५४७०.२८ | ६६१३.४५ | ८६९५.३२ | ५.८ | २०.९ | ३१.५ |
| अन्य उपकरण र पार्टस् | ५५४२.९२ | ५८७६.४० | ६८९६.७१ | ४.६ | ६.० | १७.४ |
| रासायनिक मल | २३५८.९६ | २०२६.०७ | ४९१६.०५ | ३.३ | -१४.१ | १४२.६ |
| स्पोन्ज फलाम | २८९३.७६ | ३७८९.४७ | ४२६२.९४ | २.९ | ३१.० | १२.५ |
| दुरसञ्चारका उपकरण र पार्टस | २८३०.२३ | ३१३१.६९ | ४१४९.१२ | २.८ | १०.७ | ३२.५ |
| औषधी | ३३१२.८४ | ३४८०.४९ | ३४४६.२६ | २.३ | ५.१ | -१.० |
| धान/चामल | १७५१.६६ | ३१७९.२९ | ३२३३.६१ | २.२ | ८१.५ | १.७ |
| तयारी कपडा | २५८८.८५ | ३०८४.९७ | ३१६४.६१ | २.१ | १९.२ | २.६ |
| अन्य आयात | ६७०२३.५० | ७२२४५.८८ | ७९०१७.८२ | ५३.० | ७.८ | ९.४ |
| **कुल आयात** | **११६७३६.९८** | **१३०९५३.२८** | **१४९०४९.८९** | **१००.०** | **१२.२** | **१३.८** |

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२


४९. यस अवधिमा आयात भएका प्रमुख १० वस्तुको कुल आयातमा हिस्सा ४७.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यी वस्तुहरुको आयातमा हिस्सा ४४.८ प्रतिशत रहेको थियो।

५०. यस अवधिको कुल पैठारीमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको पैठारीको अंश क्रमशः ५६.८ प्रतिशत, २०.२ प्रतिशत र २३.० प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६०.० प्रतिशत, १८.९ प्रतिशत र २१.१ प्रतिशत रहेको थियो।

## व्यापार सन्तुलन र कुल व्यापार

५१. चालु आर्थिक वर्षको चैतसम्म कुल वस्तु व्यापार घाटा १३.० प्रतिशतले वृद्धि भई रु.१२ खर्ब ६७ अर्ब ५६ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा ६.४ प्रतिशतले बढेको थियो। यस अवधिमा निर्यात-आयात अनुपात १५.० प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात १४.४ प्रतिशत रहेको थियो।

**चार्ट (झ): पछिल्लो दशकको चैतसम्मको वस्तु व्यापार घाटाको स्थिति (रू. अर्बमा)**





स्रोतः भन्सार विभाग, २०८२

५२. आर्थिक वर्ष २०७९/८० को चैतसम्म कुल वस्तु व्यापार घाटामा कमी आएकोमा त्यस पश्चातका आर्थिक वर्षमा भने यस्तो घाटा क्रमशः बढ्दै गएको छ। चैतसम्मको व्यापार घाटाको प्रवृत्ति हेर्दा सबैभन्दा बढी आर्थिक वर्ष २०७८/७९ मा रु.१३ खर्ब ६ अर्ब रहेको थियो।

५३. चालु आर्थिक वर्षको चैतसम्म कुल वैदेशिक व्यापार १३.५ प्रतिशतले बढेर रु.१४ खर्ब ८० अर्ब ३६ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वैदेशिक व्यापार १५.३ प्रतिशतले बढेर रु.१३ खर्ब ३ अर्ब ७४ करोड रहेको थियो।

चार्ट (ञ) : पछिल्लो दशकको चैतसम्मको कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश (प्रतिशतमा)




स्रोतः भन्सार विभाग, २०८२

५४. चैतसम्मको वैदेशिक व्यापारको प्रवृत्ति हेर्दा आर्थिक वर्ष २०८०/८१ देखि कुल वस्तु व्यापारमा निकासीको हिस्सा क्रमशः बढ्दै गएको छ। चालु आर्थिक वर्षको चैतसम्मको कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश क्रमशः १३.० प्रतिशत र ८७.० प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमश १२.६ प्रतिशत र ८७.४ प्रतिशत रहेको थियो।

## सेवा व्यापार

५५. आर्थिक वर्ष २०८१/८२ को चैतसम्म कुल सेवा आय रू.१ खर्ब ७७ अर्ब ४३ करोडको रहेकोमा चालु आर्थिक वर्षको चैतसम्म १२.० प्रतिशतले वृद्धि भई रू.१ खर्ब ९८ अर्ब ६४ करोड पुगेको छ। साथै, यस अवधिमा कुल सेवा खर्च गत आर्थिक वर्षको रु.२ खर्ब ४४ अर्ब ८८ करोडको तुलनामा ८.७ प्रतिशतले वृद्धि भई रू.२ खर्ब ६६ अर्ब १८ करोड पुगेको छ।

५६. खुद सेवा आय गत आर्थिक वर्षको चैतसम्म रू.६७ अर्ब ४५ करोडले घाटामा रहेकोमा चालु आर्थिक वर्षको चैतसम्म रु.६७ अर्ब ५४ करोडले घाटामा रहेको छ।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

५७. आर्थिक वर्ष २०८२/८३ को चैतसम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको चैतसम्मको रू.११ खर्ब ९२ अर्ब ५४ करोडको तुलनामा ३९.१ प्रतिशतले वृद्धि भई रू.१६ खर्ब ५९ अर्ब ४१ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आप्रवाह १०.२ प्रतिशतले बढेको थियो। यस अवधिमा वैदेशिक रोजगारीको लागि अन्तिम श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या २ लाख ९४ हजार १ सय ८६ र पुनःश्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या २ लाख ९३ हजार २ सय ५९ रहेको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

५८. चालु आर्थिक वर्षको चैतसम्म चालु खाता रु.६ खर्ब १८ अर्ब ६८ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो बचत रु.२ खर्ब २२ अर्ब ६७ करोड रहेको थियो। अमेरिकी डलरमा गत आर्थिक वर्षको सोही अवधिमा १ अर्ब ६४ करोडले बचतमा रहेको चालु खाता चालु आर्थिक वर्षको चैतसम्म ४ अर्ब ३२ करोडले बचतमा रहेको छ।

५९. चालु आर्थिक वर्षको चैतसम्म शोधनान्तर स्थिति रु.७ खर्ब ३१ अर्ब १६ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो बचत रु.३ खर्ब ४६ अर्ब २३ करोड रहेको थियो। अमेरिकी डलरमा गत आर्थिक वर्षको सोही अवधिमा २ अर्ब ५५ करोडले बचतमा रहेको शोधनान्तर स्थिति चालु आर्थिक वर्षको चैतसम्म ५ अर्ब १० करोडले बचतमा रहेको छ।

## विदेशी विनिमय सञ्चिति

६०. २०८२ असार मसान्तमा रु.२६ खर्ब ७७ अर्ब ६८ करोड रहेको कुल विदेशी विनिमय सञ्चिति ३०.५ प्रतिशतले वृद्धि भई २०८२ चैत मसान्तमा रु.३४ खर्ब ९४ अर्ब ७३ करोड पुगेको छ। यस्तो सञ्चिति २०८२ असार मसान्तमा १९ अर्ब ५० करोड अमेरिकी डलरमा रहेकोमा २०८२ चैत मसान्तमा १८.३ प्रतिशतले वृद्धि भई २३ अर्ब ५५ करोड अमेरिकी डलर पुगेको छ।

६१. चालु आर्थिक वर्षको चैतसम्मको आयातलाई आधार मान्दा बैङ्किङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति २१.८ महिनाको वस्तु आयात र १८.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।

## वैदेशिक लगानी आप्रवाह

६२. चालु आर्थिक वर्षको चैतसम्म कुल प्रत्यक्ष वैदेशिक लगानी ६२.७ प्रतिशतले वृद्धि भई रु.१४ अर्ब ५५ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो लगानी रु.८ अर्ब ९४ करोड रहेको थियो।

६३. चालु आर्थिक वर्षको चैतसम्म विदेशी लगानीकर्ताले लगानी/लाभांश बापत रु.५ अर्ब ७६ करोड फिर्ता लगेका छन्। गत आथिक वर्षको सोही अवधिमा यस्तो रकम रु.२ अर्ब ९८ करोड रहेको थियो।

६४. चालु आर्थिक वर्षको चैतसम्म खुद वैदेशिक लगानी ४७.४ प्रतिशतले बढेर रु.८ अर्ब ७९ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा खुद प्रत्यक्ष वैदेशिक लगानी रु.५ अर्ब ९६ करोड रहेको थियो।

## विनिमय दर

६५. २०८२ असार मसान्तको तुलनामा २०८२ चैत मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ७.५ प्रतिशतले अवमूल्यन भएको छ। गत वर्षको सोही अवधिमा नेपाली रुपैयाँ २.९ प्रतिशतले अवमूल्यन भएको थियो। २०८२ चैत मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१४८.०७ पुगेको छ। २०८२ असार मसान्तमा उक्त विनिमय दर रु.१३७.० रहेको थियो।

### तालिका (ढ): बाह्य क्षेत्रका चर/सूचक

| विवरण | चैतसम्म / चैत मसान्त | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| निर्यात (रु.करोडमा) | ५५२२ | ५९३० | ६९८२ | ७८८२ | ९४७७ | १६०५७ | ११८२८ | ११३९५ | १८८२० | २२२९४ |
| आयात (रु.करोडमा) | ७२६४१ | ८७५४७ | १०६१६३ | ९८२५३ | १११९४० | १४६६६६ | १२०१५१ | ११६७३७ | १३०९५३ | १४९०५० |
| व्यापार घाटा (रु.करोडमा) | ६७१२० | ८१६१७ | ९९१८१ | ९०३७२ | १०१६६३ | १३०६०९ | १०८३२३ | १०५३४२ | ११२१३४ | १२६७५६ |
| कुल व्यापार (रु.करोडमा) | ७८१६३ | ९३४७७ | ११३१४६ | १०६१३५ | १२०६१६ | १६२७२३ | १३१९७९ | १२८१३२ | १४९७७३ | १७१३४४ |
| विप्रेषण आप्रवाह (रु.करोडमा) | ५११९३ | ५४०३८ | ६५३१९ | ६२५७१ | ७२९२२ | ७२७४८ | ९२३५२ | १०८२६५ | ११९२५४ | १६५९४१ |
| चालु खाता सन्तुलन (रु.करोडमा) | -१०३४ | -१७१९३ | -२०३४२ | -१२६०९ | -२१०५१ | -५१०५८ | -३५२२ | १७९९५ | २२२६७ | ६१८६८ |
| शोधनान्तर स्थिति (रु.करोडमा) | ५०६० | -१४६० | -६४६८ | ३६६१ | ४२५४ | -२७०३९ | १७४२८ | ३६५१६ | ३४६२३ | ७३११६ |
| विदेशी विनिमय सञ्चिति (रु.करोडमा) | १०५७३० | १०६४३७ | १०५०८५ | ११५५९० | १४३३२७ | ११६७९२ | १४३३७३ | १९११८६ | २४२६८४ | ३४९४७३ |
| सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा)-महिना | ११.५ | ९.७ | ७.९ | ९.५ | १०.८ | ६.६ | ९.४ | १२.५ | १४.३ | १८.४ |
| पर्यटक आगमन (सङ्ख्यामा) | ७२१२१३ | ८२३७०४ | १०००२२३ | ७७३२९९ | ६४५२१ | २२९१२० | ६५५३१३ | ८९६७३८ | ९१५००० | ९३७०४१ |
| नयाँ श्रम स्वीकृति (सङ्ख्यामा) | ३०१८७६ | २००७६७ | १७५९१३ | ३५९७५८ | ४८६८७ | २५६०३१ | ३८७८३९ | ३२७८४२ | ३५८२२२ | २९४१८६ |
| पुनःश्रम स्वीकृति (सङ्ख्यामा) | २०३८२३ | २०६४११ | २०६५७७ | ९६७३ | ६८९०५ | २०६६२९ | २१७९५९ | २११२२६ | २४९६५२ | २९३२५९ |
| खुद वैदेशिक लगानी आप्रवाह (रु.करोडमा) | ११०७ | १४४० | ७१० | १६४८ | १२३५ | १६५१ | २८३ | ६४८ | ५९६ | ८७९ |
| विनिमय दर (अमेरिकी डलर १ = ... रुपैंया) | १०३.१० | १०४.१२ | ११०.३५ | १२१.७६ | ११९.८० | १२१.५२ | १३१.०३ | १३२.८० | १३७.३७ | १४८.०७ |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

## पर्यटक आगमन र भ्रमण आय

६६. सन् २०२५ अगष्ट महिना देखि सन् २०२६ को अप्रिल महिनासम्म ९ महिनाको अवधिमा नेपाल आउने पर्यटकको सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा २.४ प्रतिशतले वृद्धि भई ९ लाख ३७ हजार ४१ पुगेको छ। सन् २०२४ अगष्ट महिना देखि सन् २०२५ को

अप्रिल महिनासम्म यस्तो सङ्ख्या ९ लाख १५ हजार रहेको थियो। सन् २०२६ को पहिलो ४ महिनामा ४ लाख २६ हजार ४ सय ६४ पर्यटक नेपाल भित्रिएका छन्। सन् २०२५ को सोही अवधिमा यस्तो सङ्ख्या ४ लाख १५ हजार ४८ रहेको थियो।

**तालिका (ण): चालु आर्थिक वर्षको चैतसम्म बाह्य क्षेत्रका चरको मासिक स्थिति**

| विवरण | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| निर्यात (रु.करोडमा) | २३९३ | २३३९ | २५४७ | २०७१ | २३०१ | २५५१ | २६१३ | २२९७ | ३१८२ | **२२२९४** |
| आयात (रु.करोडमा) | १४३०४ | १६२११ | १६२९३ | १४१३७ | १५६७४ | १७२८३ | १८४४६ | १६५७६ | २०१२५ | **१४९०५०** |
| व्यापार घाटा (रु.करोडमा) | ११९११ | १३८७३ | १३७४६ | १२०६५ | १३३७२ | १४७३२ | १५८३४ | १४२८० | १६९४२ | **१२६७५६** |
| कुल व्यापार (रु.करोडमा) | १६६९७ | १८५५० | १८८३९ | १६२०८ | १७९७५ | १९८३४ | २१०५९ | १८८७३ | २३३०७ | **१७१३४४** |
| विप्रेषण आप्रवाह (रु.करोडमा) | १७७४१ | १७४६७ | २०१२२ | १३३८२ | १८३१८ | १९२६२ | १९८०८ | १८८६४ | २०९७५ | **१६५९४१** |
| चालु खाता सन्तुलन (रु.करोडमा) | ७८१४ | ५२५५ | १०६९० | ४२०६ | ७९१८ | ७१०८ | ६३८७ | ५९०६ | ६५८४ | **६१८६८** |
| शोधनान्तर स्थिति (रु.करोडमा) | ८९३० | ६४३८ | ११०३४ | ५४३७ | १०३५० | ७९३४ | ७१४९ | ८५६२ | ७२८१ | **७३११६** |
| विदेशी विनिमय सञ्चिति (रु.करोडमा) | १२८३५ | ७५३२ | ९८४५ | ७५७१ | १४५९६ | ४०९७ | ६०२१ | ११११ | ८०९६ | **८१७०४** |
| सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा)-महिना | १६.६ | १६.० | १६.४ | १७.४ | १८.२ | १८.१ | १८.० | १८.५ | १८.४ | |
| पर्यटक आगमन (सङ्ख्यामा) | ८८६८० | ७८७११ | १२८४४३ | ११६५५३ | ९८१९० | ९२५७३ | १०५४४१ | १२०५१६ | १०७९३४ | **९३७०४१** |
| नयाँ श्रम स्वीकृति (सङ्ख्यामा) | ४४४६६ | ४५७३२ | ३३२६१ | २२५१४ | २९६१८ | ३१७५० | ३७८१२ | २८३८३ | २०६५० | **२९४१८६** |
| पुनःश्रम स्वीकृति (सङ्ख्यामा) | २३६४४ | २२२४० | ३१३७३ | ५०५८० | ३६०८७ | ३०८०९ | ३२६९१ | २४५६१ | ४१२७४ | **२९३२५९** |
| खुद वैदेशिक लगानी आप्रवाह (रु.करोडमा) | ६१ | ५२ | ५ | ७५ | ४८६ | -४३१ | २०२ | ६१ | ३६८ | **८७९** |
| विनिमय दर (अमेरिकी डलर १= ... रुपैंया) | १३९.७९ | १४०.८४ | १४०.२२ | १४१.७० | १४४.३७ | १४४.०१ | १४४.८३ | १४७.६४ | १४८.०७ | |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

६७. चालु आर्थिक वर्षको चैतसम्म पर्यटनबाट प्राप्त हुने भ्रमण आय गत आर्थिक वर्षको सोही अवधिको रु.६६ अर्ब ६६ करोडको तुलनामा ३.८ प्रतिशतले सङ्कुचन भई रु.६४ अर्ब १० करोड रहेको छ। यस अवधिमा भ्रमण खर्च गत आर्थिक वर्षको सोही अवधिको रु.१ खर्ब ६९ अर्ब ८४ करोडको तुलनामा २.६ प्रतिशतले सङ्कुचन भई रु.१ खर्ब ६५ अर्ब ३६ करोड रहेको छ।

# अनुसूचीहरु

## अनुसूची १: चालु आर्थिक वर्षको चैतसम्मको सार्वजनिक ऋणको मासिक स्थिति (रु.करोडमा)

| विवरण | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत | २०८३ चैतसम्म |
|---|---|---|---|---|---|---|---|---|---|---|
| तिर्न बाँकी सार्वजनिक ऋण | २६८८१६ | २७४५०७ | २७२७३४ | २७३२५६ | २७९१५४ | २८०६४० | २८५९११ | २८७८७० | २९३४९२ | २९३४९२ |
| आन्तरिक ऋण | १२८११२ | १२८१८२ | १२७८०७ | १२७५९६ | १३०१६३ | १३१९१३ | १३४९१३ | १३४८१२ | १३८८१२ | १३८८१२ |
| बाह्य ऋण | १४०७०४ | १४६३२४ | १४४९२६ | १४५६६० | १४८९९१ | १४८७२७ | १५०९९८ | १५३०५९ | १५४६८१ | १५४६८१ |
| विनिमय दर नाफा(-)/घाटा(+) | ० | ५५२३.८५ | -१४९७.२२ | ३९५.९५ | ३३४४.२७ | -६९८.८२ | २२२८.८ | ५०१.३२ | १७७७.५८ | ११५७५.७३ |
| कुल सार्वजनिक ऋण परिचालन | ४४६६.६१ | ३६१८.७६ | २३४१.३८ | ३८३६.९७ | ३५४९.१४ | ३६४३.४६ | ४१०५.६४ | ४५२५.२४ | ४८४१.३२ | ३४९२८.५२ |
| आन्तरिक ऋण | ४००० | ३००० | २००० | ३००० | २७६६.६९ | ३००० | ४००० | २६०० | ४००० | २८३६६.६९ |
| बाह्य ऋण | ४६६.६१ | ६१८.७६ | ३४१.३८ | ८३६.९७ | ७८२.४५ | ६४३.४६ | १०५.६४ | १९२५.२४ | ८४१.३२ | ६५६१.८३ |
| साँवा भुक्तानी | ३०५५.११ | ३४५२ | २६१७.४८ | ३७१०.५६ | ९९५.५८ | १४५८.६६ | १०६२.७ | ३०६७.८७ | ९९६.५९ | २०४१६.५५ |
| आन्तरिक ऋण | २७१० | २९३० | २३७५ | ३२११ | २०० | १२५० | १००० | २७०१.५३ | ० | १६३७७.५३ |
| बाह्य ऋण | ३४५.११ | ५२२ | २४२.४८ | ४९९.५६ | ७९५.५८ | २०८.६६ | ६२.७ | ३६६.३४ | ९९६.५९ | ४०३९.०२ |
| खुद सार्वजनिक ऋण परिचालन | १४११.५ | १६६.७६ | -२७६.१ | १२६.४१ | २५५३.५६ | २१८४.८ | ३०४२.९४ | १४५७.३७ | ३८४४.७३ | १४५११.९७ |
| आन्तरिक ऋण | १२९० | ७० | -३७५ | -२११ | २५६६.६९ | १७५० | ३००० | -१०१.५३ | ४००० | ११९८९.१६ |
| बाह्य ऋण | १२१.५ | ९६.७६ | ९८.९ | ३३७.४१ | -१३.१३ | ४३४.८ | ४२.९४ | १५५८.९ | -१५५.२७ | २५२२.८१ |
| ब्याज भुक्तानी | ६४८.२८ | ७४७.५२ | ५४२.६२ | ३८९.३३ | ५४३.१ | ५५२.४९ | ५९०.१९ | ७९३.३८ | ६२०.९४ | ५४२७.८५ |
| आन्तरिक ऋण | ५४८.७ | ६१४.२६ | ४६३.१९ | ३१३.५६ | ४०२.३५ | ४९५.५४ | ५४७.४४ | ७१७.५९ | ४५७.८५ | ४५६०.४८ |
| बाह्य ऋण | ९९.५८ | १३३.२६ | ७९.४३ | ७५.७७ | १४०.७५ | ५६.९५ | ४२.७५ | ७५.७९ | १६३.०९ | ८६७.३७ |
| कुल ऋण सेवा खर्च | ३७०३.३९ | ४१९९.५२ | ३१६०.१ | ४०९९.८९ | १५३८.६८ | २०११.१५ | १६५२.८९ | ३८६१.२५ | १६१७.५३ | २५८४४.४ |
| आन्तरिक ऋण | ३२५८.७ | ३५४४.२६ | २८३८.१९ | ३५२४.५६ | ६०२.३५ | १७४५.५४ | १५४७.४४ | ३४१९.१२ | ४५७.८५ | २०९३८.०१ |
| बाह्य ऋण | ४४४.६९ | ६५५.२६ | ३२१.९१ | ५७५.३३ | ९३६.३३ | २६५.६१ | १०५.४५ | ४४२.१३ | ११५९.६८ | ४९०६.३९ |

स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८२

## अनुसूची २: पछिल्लो ४ आर्थिक वर्षको चैतसम्मको सार्वजनिक ऋणको प्रवृत्ति

| विवरण | चैतसम्म (रु.करोडमा) | | | | वृद्धिदर (प्रतिशतमा) | |
|---|---|---|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८१/८२ | २०८२/८३ |
| तिर्न बाँकी सार्वजनिक ऋण | २१११४५ | २३८५७९ | २६६७२७ | २९३४९२ | ११.८० | १०.०३ |
| आन्तरिक ऋण | १०३६९४ | ११७९४८ | १३०१९४ | १३८८१२ | १०.३८ | ६.६२ |
| वैदेशिक ऋण | १०७४५२ | १२०६३१ | १३६५३२ | १५४६८१ | १३.१८ | १३.२९ |
| सार्वजनिक ऋण परिचालन | १८२३७.८७ | २३८९३.९९ | ३६६०९.८४ | ३४९२८.५२ | ५३.२२ | -४.५९ |
| आन्तरिक ऋण | ११२००.०० | १७६००.०० | २९११४.०६ | २८३६६.६९ | ६५.४२ | -२.५७ |
| वैदेशिक ऋण | ७०३७.८७ | ६२९३.९९ | ७४९५.७८ | ६५६१.८३ | १९.०९ | -१२.४६ |
| सावाँ भुक्तानी | ८४२२.२९ | १५२५०.०२ | २०३०२.९० | २०४१६.५५ | ३३.१३ | ०.५६ |
| आन्तरिक ऋण | ६२५१.४२ | १२५६२.३३ | १७००९.७९ | १६३७७.५३ | ३५.४० | -३.७२ |
| वैदेशिक ऋण | २१७०.८७ | २६८७.६९ | ३२९३.११ | ४०३९.०२ | २२.५३ | २२.६५ |
| ब्याज भुक्तानी | ४६४०.७७ | ५६६५.७२ | ४९४५.७६ | ५४२७.८५ | -१२.७१ | ९.७५ |
| आन्तरिक ऋण | ४०१३.३३ | ४९७८.५८ | ४२८४.१७ | ४५६०.४८ | -१३.९५ | ६.४५ |
| वैदेशिक ऋण | ६२७.४४ | ६८७.१४ | ६६१.५९ | ८६७.३७ | -३.७२ | ३१.१० |
| ऋण सेवा खर्च | १३०६३.०६ | २०९१५.७४ | २५२४८.६६ | २५८४४.४० | २०.७२ | २.३६ |
| आन्तरिक ऋण | १०२६४.७५ | १७५४०.९१ | २१२९३.९६ | २०९३८.०१ | २१.४० | -१.६७ |
| वैदेशिक ऋण | २७९८.३१ | ३३७४.८३ | ३९५४.७० | ४९०६.३९ | १७.१८ | २४.०६ |

स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८२

### अनुसूची ३:चालु आर्थिक वर्षको चैतसम्मको राजस्व सङ्कलनको मासिक स्थिति (रु. करोडमा)

| महिना | कर राजस्व | गैरकर राजस्व | राजस्व |
|---|---|---|---|
| साउन | ८०६७.०७ | ३७९.५० | ८४४६.५७ |
| भदौ | ६९७३.०६ | ३३३.७१ | ७३०६.७७ |
| असोज | ८३९२.६७ | ७५९.१३ | ९१५१.८० |
| कार्तिक | ७२५६.४१ | ४९३.४७ | ७७४९.८८ |
| मंसिर | ७५३३.८९ | ४४१.४६ | ७९७५.३५ |
| पुस | १३३८८.४१ | ३७२१.२१ | १७१०९.६२ |
| माघ | ८३१९.९५ | ४४२.५५ | ८७६२.५० |
| फागुन | ७७२७.११ | ४९८.४५ | ८२२५.५६ |
| चैत | १२२१८.६२ | १६८१.६९ | १३९००.३१ |
| **जम्मा** | **७९८७७.१९** | **८७५१.१७** | **८८६२८.३६** |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२

### अनुसूची ४:चालु आर्थिक वर्षको चैतसम्मको सङ्घीय खर्चको मासिक स्थिति (रु. करोडमा)

| महिना | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | कुल सङ्घीय खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | १८४७.९८ | ७२.६३ | २७१०.०० | ४६३०.६१ | ०.०४४ |
| भदौ | ९५७०.७४ | ५६२.७० | ३२५२.९९ | १३३८६.४३ | ०.१२६ |
| असोज | १४२६१.८८ | १२८३.०१ | २८९७.०१ | १८४४१.९० | ०.१७४ |
| कार्तिक | ६४१८.६२ | ६१३.०० | ३३९८.३८ | १०४३०.०० | ०.०९८ |
| मंसिर | ७७०५.५० | ८५६.०९ | ९९५.५९ | ९५५७.१८ | ०.०९० |
| पुस | ८९०९.५९ | १५५५.११ | २११०.७२ | १२५७५.४२ | ०.११९ |
| माघ | ७५२२.८४ | १४३०.४५ | २१६२.६६ | १११९५.९५ | ०.१०५ |
| फागुन | ७९७७.५३ | १४७६.०९ | ३०६७.८८ | १२५२१.४९ | ०.११८ |
| चैत | १०५३७.७६ | १७७०.४३ | १०२८.५४ | १३३३६.७४ | ०.१२६ |
| **जम्मा** | **७४७५२.४४** | **९६१९.५१** | **२१६२३.७७** | **१०५९९५.७२** | **१.०००** |

महालेखा नियन्त्रक कार्यालय, २०८२